**EUROPEAN UNION**
**ELECTION OBSERVATION MISSION – NEPAL 2013**
**CONSTITUENT ASSEMBLY ELECTIONS**

**युरोपियन युनियन**
**निर्वाचन पर्यवेक्षण मिसन – नेपाल २०१३**
**संविधानसभा निर्वाचन**

# प्रारम्भिक वक्तव्य

## उच्च सहभागिता सहित राम्रोसँग सञ्चालन गरिएको निर्वाचनले लोकतान्त्रिक राज्य निर्माणलाई निरन्तरता प्रदान गर्छ

काठमाडौं, २०७० मङ्सिर ६

**सार सङ्क्षेप**

- मङ्सिर ४ गतेको निर्वाचन नेपालमा नयाँ संविधानको मस्यौदा गर्ने कार्यादेश पाएको संविधानसभाका लागि भएको दोस्रो निर्वाचन हो। व्यवस्थित र आम रूपमा शान्त वातावरणमा मतदान सम्पन्न भयो। युरोपेली युनियनका पर्यवेक्षकहरूले अवलोकन गरेका मतदान केन्द्रहरूमा मतदान प्रक्रिया एकनासले भएको थियो भने मतदान कर्मचारीहरूको काम कारबाही अधिकांशतः राम्रो रहेको मूल्याङ्कन गरियो। अवलोकन गरिएका ९७ प्रतिशत मतदान केन्द्रहरूमा मतदानको स्वच्छतालाई पर्याप्त मात्रामा संरक्षण गरिएको थियो र मतदाताको कुशल प्रक्रमण तथा नियन्त्रण र सुरक्षाका उपयुक्त उपायहरू कार्यान्वयन गरेको देखियो। ईयु निर्वाचन पर्यवेक्षण मिसनले मतगणना र परिणामको तालिकीकरण कार्यको पर्यवेक्षण जारी राख्ने छ र अन्तिम निष्कर्षमा पुग्नुअघि यसपछि कुनै उजुरी र आवेदनहरू आएमा त्यसको पनि अवलोकन गर्नेछ।

- निर्वाचन आयोग, नेपाल (यसपछि आयोग भनिने)ले स्वतन्त्र र निष्पक्ष रूपमा काम गरेर समग्र निर्वाचन प्रक्रियामा जनविश्वास हासिल गऱ्यो। सामग्रीहरूको सञ्चालन र ढुवानीसम्बन्धी उल्लेख्य चुनौती र समयको सीमितता हुँदाहुँदै पनि प्राविधिक निर्वाचन तयारी समयमै पूरा भयो। निर्वाचन प्रक्रियाका प्रमुख क्रियाकलापहरू सञ्चालन गर्दा आयोगले दक्षता प्रदर्शन गऱ्यो। निर्वाचन सामग्रीलाई क्षेत्र र जिल्लाहरूमा पुऱ्याउने काम एवं कर्मचारी खटाउने काम समेत निर्वाचनको दिनभन्दा निकै अगाडि पूरा भयो।

- आयोगद्वारा घोषणा गरिएअनुसारको अन्तिम मतदाता नामावलीमा १,२१,४७,८६५ मतदाता समावेश थिए र यो सङ्ख्या अनुमानित सम्भावित नेपाली मतदाताहरूमध्ये करिब ७५ प्रतिशत हो। निर्वाचन व्यवस्थापनले भोगेको एउटा प्रमुख चुनौती भनेको मतदाता परिचयपत्रको व्यवस्था थियो। तर ईयु पर्यवेक्षकहरूले जानकारी दिएअनुसार मतदाता परिचयपत्र नभएकाहरूलाई अरू दस्तावेज देखाउन पाउने व्यवस्था गरिएकाले मतदाताले परिचयसम्बन्धी कठिनाइ सामान्यतया भोग्नु परेन।

- देशभर उम्मेदवारहरूले सक्रियतापूर्वक निर्वाचन अभियान सञ्चालन गरेकाले वाक् र भेला हुन पाउने स्वतन्त्रताको राम्रोसँग सम्मान गरियो। निर्वाचन अभियानभर सहभागी दलहरू एवं निर्वाचनलाई बहिष्कार गर्ने दलहरूले गरेका भनिएका कतिपय हिंसात्मक घटनाहरू देशैभरि भए। तर, निर्वाचन अभियान सकिँदा यसले कुनै उल्लेख्य प्रभाव पारेन। एनेकपा (माओवादी)द्वारा सञ्चालन गरिएको एक साता लामो प्रदर्शनबाहेक स्थानीय स्तरमा भएका साना भेलामार्फत् अधिकांश निर्वाचन अभियानहरू सञ्चालन गरिए।

- निर्वाचन आचारसंहिताले आयोगलाई अनुगमन र कार्यान्वयन गर्ने व्यापक अधिकार दियो। तर, आचारसंहिता उल्लङ्घन गर्ने अत्यन्त थोरैलाई मात्र कारबाही गरियो। आचारसंहिताको कानुनी अधिकार भए पनि यसलाई लागु गर्दा दण्डात्मक उपाय अवलम्बन गर्नुभन्दा पनि नैतिक दबाबको प्रयोग गरिएको छ। आचारसंहितामा निर्वाचन खर्चको सीमासमेत समावेश भए पनि खर्चको सुपरिवेक्षण निर्वाचनपछिको वक्तव्यको आवश्यकताका लागि मात्र गरिएको छ। आचारसंहिताको मस्यौदामा दलको कोषको स्रोत खुलाउनुपर्ने आवश्यकता पनि उल्लेख गरिएको थियो तर यसलाई अनुमोदन नगर्नाले निर्वाचन अभियानमा भएको खर्चबारेको बृहत्तर पारदर्शिताको अवसर गुमेको छ।

- आमसञ्चार माध्यमहरूले सामान्यतया अभिव्यक्तिको स्वतन्त्रताको वातावरणमा मतदातासमक्ष आफ्ना सन्देश राख्न राजनीतिक दलहरूलाई विविध मञ्चहरू प्रदान गरे। निर्वाचनसम्बन्धी प्रकाशन प्रसारण मुख्यतः एनेकपा (माओवादी), नेकपा (एमाले) र नेपाली काङ्ग्रेसका निर्वाचन अभियानसम्बन्धी गतिविधिमा केन्द्रित रहे पनि साना दलका सामग्री

प्रकाशन, प्रसारण गर्न पनि उल्लेख्य प्रयास गरिएको थियो। ईयु निर्वाचन पर्यवेक्षण मिसन (ईयु ईओएम)द्वारा गरिएको आमसञ्चार माध्यमको अनुगमनले निजी तथा सार्वजनिक दुवै प्रसारण माध्यम तथा समाचारपत्रले समानुपातिक रूपबाट समय र स्थान उपलब्ध गराउनुका साथै सामान्यतया तटस्थ स्वरमा समाचार प्रस्तुत गरी स्वच्छ रूपबाट प्रकाशन, प्रसारण गरेको देखायो।

- संविधानसभा निर्वाचनको कानुनी खाकाले नेपालले गरेका अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुरूप वास्तविक निर्वाचन सञ्चालनको राम्रो आधार प्रदान गरेको छ। तर, समानुपातिक वा पहिलो हुने निर्वाचित हुने निर्वाचनको व्यवस्था गर्ने प्रावधानहरूभित्र राजनीतिक प्रतिनिधित्वको अधिकारलाई पूर्णतया संरक्षण गरिएको छैन। समानुपातिक बन्द सूचीभित्र सफल उम्मेदवार छनोट गर्ने कार्यविधिले मतदाता र तिनका निर्वाचित प्रतिनिधिहरूबीचको सम्बन्धलाई कमजोर पार्दछ। निर्वाचनपछि राजनीतिक दलहरूले बन्द सूचीभित्रको पूर्वनिर्धारित क्रमलाई सम्मान नगरी आफूले जितेको सिट आफ्नो रोजाइअनुसारको उम्मेदवारलाई प्रदान गर्न सक्छन्।

- निर्वाचन कानुनले संविधानसभामा महिला र परम्परादेखि नै सीमान्तीकृत समूहहरूलाई समावेश गर्ने लक्ष्य लिएको छ, जसले गर्दा सन् २००८ मा यी समुदायको ऐतिहासिक प्रगति हासिल भयो। यी समूहहरूबाट कम सङ्ख्यामा भएको उम्मेदवारीमा प्रतिविम्बित भएझैँ कानुनी कमीकमजोरी र राजनीतिक इच्छा दुवैको अभावले गर्दा यी उपलब्धिहरू यस पटक कायम नहुने व्यापक निराशावादिता रहेको छ। आयोगको सबै तहका अधिकारीहरूमध्ये महिलाहरूको सङ्ख्या अत्यन्त कम रहेको देखिएको छ। निर्वाचनको दिन पनि यो प्रस्ट देखियो, किनभने ईयु पर्यवेक्षकहरूले भेटेको मतदान अधिकृतहरू (प्रमुख अधिकृत)मध्ये ११ प्रतिशत र सहायकहरूमध्ये २१ प्रतिशत महिला थिए।

*युरोपियन युनियन निर्वाचन पर्यवेक्षण मिसन (ईयु ईओएम) नेपाल सरकार र निर्वाचन आयोगको निमन्त्रणामा नेपालमा असोज १८ गतेदेखि उपस्थित छ। मिसनको नेतृत्व युरोपेली संसदकी सदस्य (फ्रान्स), प्रमुख पर्यवेक्षक इभा जोलीले गर्नुभएको छ। समग्रमा ईयु ईओएमले वास्तविक निर्वाचनका लागि गरिएको अन्तर्राष्ट्रिय प्रतिबद्धता एवं नेपालको कानुनअनुसार समग्र निर्वाचन प्रक्रियाको मूल्याङ्कन गर्न २८ ईयु सदस्य राष्ट्र, नर्वे र स्विट्जरल्यान्डका ११२ पर्यवेक्षकहरूलाई देशभर परिचालन गरेको छ। युरोपेली संसद सदस्य ड्यानिएल भान डेर स्टोएपको नेतृत्वमा रहेको युरोपेली संसदका सदस्यहरूको एक प्रतिनिधिमण्डलले पनि मिसनमा संलग्न भई यस प्रतिवेदनलाई पूर्णतया अनुमोदन गऱ्यो। ईयु ईओएम आफ्ना निष्कर्षहरू निकाल्नमा स्वतन्त्र छ र सन् २००५ अक्टोबरमा संयुक्त राष्ट्रसङ्घमा हस्ताक्षर गरिएको अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षणका सिद्धान्तहरूसम्बन्धी घोषणापत्रप्रति यो अडिग छ। ईयु ईओएम निर्वाचनपछिको विकासक्रम तथा परिणामको तालिकीकरणको अवलोकन गर्न यस देशमा रहिरहनेछ र निर्वाचन प्रक्रिया सम्पन्न भएको दुई महिनाभित्र विस्तृत सिफारिससहित रहेको अन्तिम प्रतिवेदन प्रकाशन गर्नेछ। ईयु ईओएमले पर्यवेक्षणका क्रममा गरेको सहयोग र मद्दतका लागि नेपाल सरकार तथा निर्वाचन आयोग र अन्य नेपाली राज्यअधिकारीहरू, राजनीतिक दल, नागरिक समाज एवं नेपाली जनताप्रति आभार प्रकट गर्न चाहन्छ। ईयु ईओएम नेपालस्थित युरोपियन युनियनको नियोग तथा युरोपियन युनियनका सदस्य राष्ट्रका कूटनीतिक नियोगप्रति पनि यस अवधिभर पुऱ्याएको सहयोगका लागि आभार प्रकट गर्दछ।*

## प्रारम्भिक निष्कर्ष

### पृष्ठभूमि

मङ्सिर ४ गतेको निर्वाचन नेपालमा नयाँ संविधानको मस्यौदा गर्ने कार्यादेश पाएको संविधानसभाका लागि भएको दोस्रो निर्वाचन हो। देशले अङ्गीकार गर्ने सङ्घीयताको प्रकारबारे सदस्यहरू सहमतिमा पुग्न विफल भएपछि अघिल्लो संविधानसभा २०६९ जेठमा विघटन भयो। राजनीतिक स्थिरताको एउटा अवधिपश्चात् एउटा कामचलाउ सरकार – अन्तरिम चुनावी मन्त्रिपरिषद् गठन भयो जसको एकमात्र कार्यादेश २०७० को संविधानसभा सदस्य निर्वाचन सम्पन्न गर्नु थियो।

संविधानसभामा ६०१ सदस्य रहन्छन्, जसमध्ये ५७५ निर्वाचित र २६ जना निर्वाचनपश्चात् मन्त्रिपरिषद्बाट मनोनीत हुनेछन्। नेपालको अन्तरिम संविधानले ५७५ निर्वाचित सिटका लागि मिश्रित निर्वाचन प्रणालीको व्यवस्था गरेको छ, जसमा २४० जना प्रथम हुने निर्वाचित हुने प्रणालीबाट र बाँकी ३३५ जना समानुपातिक प्रणालीबाट निर्वाचित हुन्छन्। पहिलो हुने निर्वाचित हुने सिटहरूका लागि ६,१२७ जना उम्मेदवार प्रतिस्पर्धी भए भने समानुपातिक सिटका लागि १२२ राजनीतिक दलले आफ्नो सूची पेस गरे।

### कानुनी खाका

संविधानसभा निर्वाचनको कानुनी खाकाले नेपालले गरेका अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुरूप लोकतान्त्रिक निर्वाचन सञ्चालनको राम्रो आधार प्रदान गरेको छ। निर्वाचनमा लागु हुने कानुनी प्रावधानहरू धेरैवटा कानुनी दस्तावेजहरूमा पाइन्छ र परिणामस्वरूप निर्वाचन कानुन स्वभावतः खण्डित रहिरहेको छ। कुनै खास विषयसँग सम्बन्धित कानुन के हो भनेर आधिकारिक रूपबाट भन्ने कुरा जटिल हुन सक्छ।

राजनीतिक प्रतिनिधित्वको अधिकारको कुरा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिको धारा २५ (क) मा उल्लेख छ, जसले प्रत्येक नागरिलाई "स्वतन्त्रतापूर्वक छानिएको प्रतिनिधिमार्फत्....सार्वजनिक मामिलाको सञ्चालनमा भाग लिने" अधिकारको व्यवस्था गरेको छ। यस अधिकारलाई समानुपातिक वा पहिलो हुने निर्वाचित हुने निर्वाचनको व्यवस्था गर्ने प्रावधानहरूमा पूर्णतया संरक्षण गरिएको छैन। समानुपातिक बन्द सूचीभित्र सफल उम्मेदवार छनोट गर्ने कार्यविधिले मतदाता र तिनका निर्वाचित प्रतिनिधिहरूबीचको सम्बन्धलाई कमजोर पार्दछ। निर्वाचनपछि राजनीतिक दलहरूले बन्द सूचीभित्रको पूर्वनिर्धारित क्रमलाई सम्मान नगरी आफूले जितेको सिट आफ्नो रोजाइअनुसारको उम्मेदवारलाई प्रदान गर्न सक्छन्। तसर्थ, यसले मतदाताको रोजाइलाई उम्मेदवारको नभई राजनीतिक दलको छनोट गर्नेमा मात्र सीमित तुल्याउँछ। पहिलो हुने निर्वाचित हुनेतर्फ, कुनै

उम्मेदवारले आफूले प्रतिस्पर्धा गर्ने ठाउँ आफूले मतदान गर्न नाम दर्ता गराएको निर्वाचन क्षेत्र हुनुपर्ने आवश्यकताको अभावले मतदाता र निजको निर्वाचित प्रतिनिधिबीचको सम्बन्धलाई कमजोर बनाउँछ। त्यसबाहेक, कुनै उम्मेदवारलई एकैपटकमा दुईवटा निर्वाचन क्षेत्रबाट प्रतिस्पर्धा गर्न अनुमति दिइएको छ। यसले निज दुवै निर्वाचन क्षेत्रमा सफल भएमा राजीनामा दिने र उप–निर्वाचनको सम्भावना निम्त्याउँछ। यसले मतदाताको वास्तविक रोजाइको अवमूल्यन गर्छ र उपनिर्वाचनमा निर्वाचित निजको प्रतिनिधिको कार्यादेशलाई कम बनाउने सम्भावना हुन्छ।

अन्तरिम संविधानले गोप्य मतपत्रबाट मतदान हुनुपर्ने व्यवस्था गरेको छ। तर, मतदाताका लागि सजिलो हुने गरी मार्गदर्शन उपलब्ध नगराइएकाले दृष्टि दुर्बलता भएका मतदाताहरूका लागि गोपनीयता प्रदान गरिएको थिएन। मतदाता शिक्षासम्बन्धी १०,००० पर्चा ब्रेल लिपिमा उपलब्ध गराइएको सन्दर्भमा यो विशेषगरी नराम्रो भएको थियो। कैदीहरूलगायतका अन्य अस्थायी मतदाताहरूका लागि समानुपातिक सिटको निर्वाचनमा सहभागी हुन दिन विशेष व्यवस्था गरिएबाट आयोगद्वारा मतदानको अधिकारलाई उचित ठहऱ्याइएको थियो।

## निर्वाचन व्यवस्थापन

निर्वाचन आयोग, नेपाल (आयोग)ले स्वतन्त्र र निष्पक्ष रूपमा काम गरेर समग्र निर्वाचन प्रक्रियामा जनविश्वास हासिल गऱ्यो। आयोगले निर्वाचनको तयारीबारे सरोकारवालाहरूलाई अद्यावधिक जानकारी दिन नियमित पत्रकार सम्मेलन गरी निर्वाचन प्रक्रियामा पारदर्शितामा सुधार गर्नुका साथै जनविश्वास अभिवृद्धि गरेको छ।

सामग्रीहरूको सञ्चालन र ढुवानीसम्बन्धी उल्लेख्य चुनौती र समयको सीमितता हुँदाहुँदै पनि प्राविधिक निर्वाचन तयारी समयमै पूरा भयो। आयोगले मतपत्रको छपाइ तथा निर्वाचन सामग्रीको वितरणजस्ता निर्वाचन प्रक्रियाका मुख्य गतिविधिको सञ्चालनमा दक्षता प्रदर्शन गऱ्यो। निर्वाचन सामग्रीलाई क्षेत्र र जिल्लाहरूमा पुऱ्याउने काम एवं कर्मचारी खटाउने काम समेत निर्वाचनको दिनभन्दा निकै अगाडि पूरा भयो।

प्रशिक्षक प्रशिक्षण गतिविधिहरू देशभरि सञ्चालन गरिए र ईयु पर्यवेक्षकहरूले तिनलाई सन्तोषजनक रहेको मूल्याङ्कन गरे। तर, प्रशिक्षणमा सहभागीहरूमध्ये १० प्रतिशतभन्दा कम महिला रहेबाट ५० प्रतिशत महिला कर्मचारी भर्ना गर्ने आकाङ्क्षासहित आयोगले अङ्गीकार गरेको लैङ्गिक नीति यथार्थमा परिणत भएन।

अस्थायी निर्वाचन कर्मचारीले सामान्यतया निष्पक्ष र स्वतन्त्र रूपबाट काम गरे। मतदान प्रक्रियाको स्वच्छता र पारदर्शिता सुनिश्चित गर्न कार्यविधिहरूले पर्याप्त सुरक्षा प्रदान गरे। एकल निर्वाचन क्षेत्र भएको समानुपातिक निर्वाचनका लागि निर्वाचनका दिन खटिने सरकारी र निर्वाचन कर्मचारी र सुरक्षाकर्मीहरूलाई अस्थायी मतदान गर्न दिइएको थियो, जसले यी मतदाताहरूको मताधिकारबाट वञ्चित हुने स्थितिमा कमी ल्यायो। अस्थायी मतदानको प्रावधान ५० जनाभन्दा बढी दर्ता गरिएका मतदाता रहेका वृद्धवृद्धा रहेको वृद्धाश्रम र कैदीहरूका लागि पनि लागु भयो।

## मतदाता दर्ता

आयोगद्वारा घोषणा गरिएअनुसार अन्तिम मतदाता सूचीमा १,२१,४७,८६५ मतदाता रहेका छन्। मतदाता दर्ता गर्ने कार्य कतिपय चरणमा सम्पन्न भएकोमा त्यसमध्ये अन्तिम चाहिँ २०७० भदौमा सम्पन्न भएको थियो। सन् २००८ मा दर्ता भएका मतदाताहरूको तुलनामा अहिलेको निर्वाचनमा दर्ता भएका मतदाताहरूको सङ्ख्यामा करिब ५४ लाखको उल्लेख्य भिन्नता रहेको छ। नेपालमा वि.सं. २०६८ सालमा सम्पन्न राष्ट्रिय जनगणनाको आधारमा पनि मतदान गर्ने जनसङ्ख्या एक करोड ६० लाख पुगेको अनुमान लगाउन सकिन्छ। यी तथ्याङ्कका आधारमा मतदाता दर्ताले सम्भावित नेपाली मतदाताको करिब ७५ प्रतिशत हुने गरी मतदाताको उल्लेख्य अनुपातलाई समेट्यो।

सन् २००८ र २०१३ मा दर्ता भएकाहरूको सङ्ख्यामा आएको भिन्नताका लागि स्वैच्छिक प्रकृतिको मतदर्ता, दर्ता गर्ने योग्यतासम्बन्धी लिइएको बढी कठोर उपाय, दर्ता गर्न स्वयं उपस्थित हुनुपर्ने आवश्यकता, उल्लेख्य बसाइँ सराइ, जिल्लाबाहिर दर्ता गर्ने सुविधाका कारण धेरैपटक नाम समावेश हुने कम सम्भावना तथा जनसङ्ख्याको कम विस्थापनलाई कारण मान्न सकिन्छ। राजनीतिक गतिरोधले उत्पन्न गराएको असन्तुष्टिले गर्दा दर्ता गर्न जाने उत्साहको अभाव पनि एउटा पक्ष भएको हुन सक्छ। साथै, सन् २००८ मा दर्ता भइसकेको आधारमा दर्ता गराउन दिइएको छोटो अवसरबाहेक यसपटक नागरिकता प्रमाणपत्रबिना योग्य मतदाताहरूले आफ्नो नाम दर्ता गराउन सकेनन् र सीमान्तीकृत समुदायहरूमाझ नागरिकता प्रमाणपत्र कमसँग रहेको छ।

निर्वाचन व्यवस्थापनले भोग्नुपरेको एउटा मुख्य चुनौती भनेको मतदाता परिचयपत्रको प्रावधान थियो। यस्तो परिचयपत्र उपलब्ध गराउने आयोगको स्पष्ट र सार्वजनिक रूपमा सराहना गरिएको निर्णय भए पनि निर्वाचनको दिनसम्म १ करोड २२ लाख मतदाता परिचयपत्र समयमै प्रदान गर्ने कुरा अनिश्चित थियो र मतदान सकिँदासम्म केही बाँडिसकेको थिएन। तर, मतदाता परिचयपत्र नभएकाहरूलाई अन्य दस्तावेज देखाउन छुट दिइएकाले आफ्नो पहिचानका सम्बन्धमा सामान्यतया मतदाताले कठिनाइ नभोगेको ईयु पर्यवेक्षकहरूले जानकारी गराएका छन्।

वि.सं. २०७० सालको निर्वाचनका लागि निर्वाचन क्षेत्रको सीमाको पुनरावलोकन गरिएन। दर्ता गराएका मतदाताहरूको सङ्ख्याअनुसार, प्रति निर्वाचन क्षेत्र मतदाताहरूको औसत सङ्ख्या ५०,६१६ हुन्छ। तर, भक्तपुर जिल्लाको एउटा निर्वाचन क्षेत्रमा रहेको ८२,२१८ मतदाताको सबैभन्दा ठूलो सङ्ख्या र मनाङ जिल्लामा रहेको ४,७९५ मतदाताको सबैभन्दा सानो सङ्ख्यासँगै मतदाताको आकारमा उल्लेख्य भिन्नता रहेको छ। यो भिन्नताले समान प्रतिनिधित्वको मुख्य सिद्धान्तबाट उल्लेख्य विचलन भएको देखाउँछ – जुन सिद्धान्त नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिको धारा २५ (ख)मा संरक्षित समान मताधिकारको सिद्धान्तमा अभिव्यक्त भएको छ। पहिलो हुने निर्वाचित हुने निर्वाचनअन्तर्गत मतदाताको सङ्ख्या जति भए पनि प्रति निर्वाचन क्षेत्र संविधानसभाका लागि एकजना सदस्य हुने भएबाट यसको अवमूल्यन भएको छ।

**उम्मेदवारको मनोनयन**

पहिलो हुने निर्वाचित हुने वा समानुपातिकमा प्रतिस्पर्धा गर्ने उम्मेदवारका रूपमा दर्ता गराउन कुनै अनुचित आवश्यकता थिएन। उम्मेदवारको योग्यताका लागि आवश्यक व्यवस्थालाई कठोरतापूर्वक लागु गरिएको थियो र अयोग्य ठहऱ्याउने कार्य कानुनअनुसार भएको थियो। ती आवश्यकताहरू नेपालले सहमति जनाएका अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुरूप भए पनि उम्मेदवारमाथि विरोध जनाउने अधिकार उम्मेदवारलाई मात्र रहने गरी सीमित गरिएको थियो र यसले आम जनतालाई आफ्ना सम्भावित प्रतिनिधिमाथि विरोध जनाउने अवसरबाट वञ्चित गरिएको थियो।

समानुपातिक सिटका लागि मनोनयन पेस गरिएकामध्ये नौवटा विरोध उम्मेदवारका लागि गरिएका थिए। तीमध्ये तीनजना आयोगद्वारा अयोग्य ठहऱ्याइए – जसमध्ये एकजना हत्याको दोषी भएकोमा र अन्य दुईजना सार्वजनिक पद धारण गरेकोमा। आयोगले आफ्नै पहलमा थप २९४ जनालाई अयोग्य ठहर गऱ्यो। पहिलो हुने निर्वाचित हुने सिटका लागि कुनै पनि उम्मेदवारविरुद्ध विरोध गरिएको थिएन। तर आयोगले नेपाली नागरिकता नभएको, २५ वर्षभन्दा कम उमेर रहेको र दलको औपचारिक मनोनयनमा नपरेको आधारमा २० जनालाई पनि अयोग्य ठहर गऱ्यो।

**निर्वाचन अभियान**

उम्मेदवारहले देशभर सक्रियतापूर्वक अभियान सञ्चालन गरेर वाक् तथा भेला हुन पाउने स्वतन्त्रताको राम्रोसँग सम्मान गरिएको थियो। बहसका लागि खुला राजनीतिक वातावरण थियो भने निर्वाचनसँग सम्बन्धित कुनै पनि भेलालाई निषेध गरिएन। स्थानीय राज्यअधिकारीहरूले राजनीतिक दलहरूलाई राम्रोसँग सहयोग गरे र जुलस तथा प्रदर्शनका लागि अनुमति प्रदान गर्नेसम्बन्धमा कुनै पनि उजुरी परेन।

मुख्य राजनीतिक दलहरूको चुनावी अभियानको सुरुवात र घोषणापत्रको प्रकाशनले प्रारम्भमा राजनीतिक मन्तव्यको हार्दिकतापूर्ण स्वर प्रदर्शन गऱ्यो। तर, अभियान तीव्र हुँदै जाँदा हिंसात्मक प्रकृतिका कतिपय घटनाहरू भए जसमा निर्वाचनमा सहभागी दलहरू एवं बहिष्कार गर्ने दल दुवै संलग्न थिए भनियो। त्यस्ता घटनामा व्यक्तिहरूमाथिको आक्रमण र डरत्रासका घटना एवं सार्वजनिक यातायातमाथिको आक्रमणदेखि दलका गाडीहरू ध्वस्त पार्नेसम्मका कुरा संलग्न थिए। यस्ता गतिविधिहरू निर्वाचन अभियानको अवधिभर जारी रहे पनि अभियान सम्पन्न हुँदा तिनले उल्लेख्य प्रभाव पारेनन्। अभियानका गतिविधिमा भएका केही बाधा अवरोधहरू एकै निर्वाचन क्षेत्रमा प्रतिस्पर्धा गर्ने प्रतिस्पर्धी उम्मेदवारका गतिविधिका कारण भएका थिए। त्यस्ता कार्यहरू कुनै राजनीतिक दलको रणनीतिको अङ्गभन्दा पनि व्यक्तिगत प्रतिस्पर्धाका कारण भएका थिए।

निर्वाचन अभियानका गतिविधिहरू अधिकांशतः स्थानीय स्तरमा साना भेलामार्फत् प्रकट भए। उम्मेदवार र राजनीतिक दलहरू घरदैलो कार्यक्रम, साना कोण भेला तथा झण्डा र नारासहितका साना प्रदर्शनजस्ता गतिविधिमार्फत् मतदातासँग निकट सम्पर्क गर्न केन्द्रित थिए। ईयु पर्यवेक्षकहरूका अनुसार अवलोकन गरिएका निर्वाचन कार्यक्रममा छलफल गरिएका मुख्य विषयहरू दलका घोषणापत्र नै थिए र त्यसमा विकेन्द्रीकरण र स्थानीय शासनका मुद्दामा उल्लेख्य जोड दिइएको थियो। यसबाट मतदाताको मुख्य चासोको कुरा यिनै हुन् भन्ने सङ्केत गर्दथ्यो।

अन्य राजनीतिक दलहरूको तुलनामा एनेकपा (माओवादी)सँग खर्च गर्न स्पष्टतः बढी आर्थिक स्रोत थियो। कतिपय निर्वाचन कार्यक्रममा सहभागी हुन गरिएको हेलिकप्टरको प्रयोग तथा देशको पूर्वबाट पश्चिमसम्म कात्तिक २० देखि २७ गतेसम्म गरिएको चुनावी प्रदर्शन यसका लागि सङ्केत थियो। निर्वाचन अभियानको त्यस्तो गतिविधिमा संलग्न हुने यो एउटा मात्र दल थियो। यो कार्यक्रम आचारसंहिताको उल्लङ्घन हो भन्ने कुरामा जोड दिँदै नेकपा (एमाले) र नेपाली काङ्ग्रेस दुवैले आयोगमा उजुरी दर्ता गरे तर आयोगले उजुरी खारेज गऱ्यो।

सार्वजनिक अभियान कोषको अभावमा उम्मेदवारहरू आफ्नै आर्थिक स्रोतमा भर पर्छन्। स्वतन्त्र उम्मेदवारहरू र आर्थिक स्रोतको अभाव भएका राजनीतिक दलका उम्मेदवारका लागि अवस्था विशेषगरी नराम्रो थियो किनभने आफ्ना उम्मेदवारहरूलाई बढी आर्थिक सामग्रीको सहयोग गर्न सक्ने प्रमुख राजनीतिक दलहरूको तुलनामा उनीहरूले आफ्नो दलको केन्द्रीय कार्यालयबाट आर्थिक सहयोग पाएनन्।

निर्वाचन खर्चको नियमन कमजोरसँग गरिएको छ। खर्च गर्ने सीमा तोकिएको भए पनि निर्वाचनपछि खर्चको वक्तव्य पेस गर्नुपर्ने आवश्यकतामा मात्र सुपरिवेक्षण हुन्छ। तर, आचारसंहिता २०७० को मस्यौदामा राजनीतिक दलहरूलाई आफ्नो कोषको स्रोत देखाउनुपर्ने तथा रु. २५,००० भन्दा माथिको सहयोग बैङ्कमार्फत् गर्नुपर्ने आवश्यकतासम्बन्धी प्रावधान समावेश थियो। निर्वाचन खर्चमा बृहत्तर पारदर्शिता लागू गर्ने यो अवसर कार्यान्वयन गरिएन।

ईयु ईओएमले देशभर ३६६ निर्वाचन कार्यक्रम अवलोकन गऱ्यो। निर्वाचन कार्यक्रमको वातावरण अधिकांशतः शान्त थियो। यी निर्वाचन गतिविधिहरूमा महिलाको सहभागिता अत्यन्त कम अर्थात् १० प्रतिशतभन्दा कम थियो। निर्वाचन अभियानमा, अवलोकनका क्रममा सुरक्षाफौजको उपस्थिति अत्यन्त कम हुनाले यसले हिंसा तर्काउन काम गऱ्यो र एकीकृत निर्वाचन सुरक्षा योजना आफ्नो उद्देश्यमा पर्याप्त रहेको सङ्केत गऱ्यो।

**आमसञ्चार माध्यम**

सामान्यतया आमसञ्चार माध्यमले राजनीतिक दलहरूलाई मतदातासम्म आफ्नो सन्देश पुऱ्याउन विविध मञ्च प्रदान गरे। निर्वाचनसम्बन्धी प्रकाशन प्रसारण मुख्यतः एनेकपा (माओवादी), नेकपा (एमाले) र नेपाली काङ्ग्रेसका निर्वाचन अभियानसम्बन्धी गतिविधिमा केन्द्रित रहे पनि साना दलका सामग्री प्रकाशन, प्रसारण गर्न पनि उल्लेख्य प्रयास गरिएको थियो। राष्ट्रिय तथा स्थानीय स्तरका रेडियो तथा टिभी स्टेसनहरूले उम्मेदवार र दलका प्रतिनिधिहरू संलग्न भएका विशेष कार्यक्रमहरू प्रसारण गरे। केही राष्ट्रिय समाचारपत्रहरूले आफ्ना विशेष संस्करणहरूमा राजनीतिक दलका घोषणापत्रको विश्लेषणका लागि स्थान दिए। एनडीआई–नेपाल र नेपाल उद्योग वाणिज्य महासङ्घद्वारा आयोजित नौवटा राजनीतिक दलका प्रतिनिधि रहेको एउटा सार्वजनिक बहस कार्यक्रम २०७० कात्तिक १३ गते नेपाल टिभीद्वारा प्रसारण गरियो।

ईयु निर्वाचन पर्यवेक्षण मिसन (ईयु ईओएम)द्वारा कात्तिक २ देखि मङ्सिर ४ गतेसम्म गरिएको १५ वटा राष्ट्रिय आमसञ्चार माध्यमको अनुगमनले निजी तथा सार्वजनिक दुवै प्रसारण माध्यम तथा समाचारपत्रले समानुपातिक रूपबाट समय र स्थान उपलब्ध गराउनुका साथै सामान्यतया तटस्थ स्वरमा समाचार प्रस्तुत गरी निकै सन्तुलित रूपबाट प्रकाशन, प्रसारण गरेको देखायो। अनुगमन अवधिभर राज्यको स्वामित्वमा रहेको रेडियो नेपालले आफ्नो समाचार तथा निर्वानसम्बन्धी कार्यक्रममा एनेकपा (माओवादी)लाई १५ प्रतिशत समय छुट्यायो भने नेपाली काङ्ग्रेसले १३ प्रतिशत र नेकपा (एमाले)ले ११ प्रतिशत समय पाए। नेपाल टिभी १ मा एनेकपा (माओवादी)ले निर्वाचनसम्बन्धी सम्पूर्ण प्रसारणको २१ प्रतिशत, नेपाली काङ्ग्रेसले १९ प्रतिशत र नेकपा (एमाले)ले १७ प्रतिशत समय पाए। सार्वजनिक दैनिक पत्रिका गोरखापत्रले आफ्नो निर्वाचनसँग सम्बन्धित समाचारको १९ प्रतिशत एनेकपा (माओवादी) र नेकपा (एमाले) दुवैलाई तथा १७ प्रतिशत नेपाली काङ्ग्रेसलाई छुट्यायो। ईयुले अनुगमन गरेका १२ वटा निजी आमसञ्चार माध्यमले पनि उल्लेख गरिएको समयमा आफ्नो निर्वाचनसम्बन्धी समाचार प्रकाशन प्रसारणमा उल्लेख्य मात्रामा निष्पक्षता प्रदर्शन गरे, जसमा तीनवटा मुख्य दलले समाचार तथा निर्वाचनसम्बन्धी कार्यक्रममा व्यापक र उचित रूपमा स्थान पाए। आयोगको आचारसंहिताका व्यवस्थाअनुसार समानुपातिक सिटमा प्रतिस्पर्धा गर्न पेस गरेको उम्मेदवारको सङ्ख्याको समानुपातिक हुने गरी राष्ट्रिय रेडियो र टिभी दुवैमा निःशुल्क समय उपलब्ध गराइयो। अभियानको अन्तिम सातामात्र आयोगद्वारा यो प्रावधान कार्यान्वयन गरियो र यसबाट १२२ राजनीतिक दलमध्ये ६२ वटाले रेडियो नेपाल र ८४ नेपाल टिभीमा यसको लाभ प्राप्त गरे।
नेपाली काङ्ग्रेसद्वारा पक्षपाति प्रसारण गरी आचारसंहिता उल्लङ्घन गरेकामा फिल्मी टिभीविरुद्ध आयोगमा औपचारिक उजुरी पेस गरिएको थियो। निर्वाचन गतिविधिको प्रत्यक्ष प्रसारण गरी निजी रेडियो स्टेसनद्वारा उदयपुर र पर्वत जिल्लामा आचारसंहिताको उल्लङ्घन गरेको ईयु पर्यवेक्षकहरूले जानकारी गराए।
आचारसंहिताको कतिपय पटक उल्लङ्घन तथा निर्वाचन मौन अवधिको उल्लङ्घनपछि आयोगले मङ्सिर ३ गते एबीसी च्यानल टिभी स्टेसनको प्रसारण अन्तरिम रूपमा स्थगित गर्न आदेश जारी गर्‍यो। तर, एबीसी च्यानलले आदेशलाई बेवास्ता गरी प्रसारण जारी राख्यो। आयोगले मौन अवधिको उल्लङ्घन गरेकामा स्टार एफएम तथा १५ वटा दैनिक समाचारपत्र र साप्ताहिक पत्रिकालाई सचेतसमेत गरायो।

## निर्वाचन न्याय

तदर्थ रूपमा हालै स्थापित संविधानसभा अदालतसँग निर्वाचनलाई बदर गराउने उजुरी सुन्ने, मतगणना रद्द गर्ने तथा निर्वाचनसम्बन्धी कसुर हेर्ने क्षेत्राधिकार रहेको छ। निर्वाचन परिणामको वैधतालाई चुनौती दिँदै उजुरी दर्ता गर्ने समयसीमा एवं अदालतले निर्णय सुनाउने अवधि पीडित पक्षलाई समयमै न्यायिक उपचार प्रदान गर्ने सम्बन्धमा उचित रहेका छन्। दुखको कुरा, यी उजुरीहरू राजनीतिक दल र उम्मेदवारहरूबाट मात्र दर्ता गर्न सकिन्छ र यसले आम जनतालाई आफ्ना सम्भावित प्रतिनिधिहरूको योग्यतामाथि चुनौती दिने अवसरबाट वञ्चित गराउँछ।
निर्वाचनसँग सम्बन्धित विषयहरू सर्वोच्च अदालतले पनि हेर्छ। सर्वोच्च अदालतमा सार्वजनिक हितसँग सम्बन्धित मुद्दालाई हेर्ने अत्यन्त व्यापक क्षेत्राधिकार रहेको छ। निर्वाचनको मितिको घोषणायता निर्वाचनसँग सम्बन्धित सातवटा मुद्दाहरू दर्ता गरिए। यीमध्ये सबैजसो मुद्दाले महिला, अपाङ्गता भएका व्यक्ति तथा विदेशमा छरिएर रहेकाहरूको अधिकारको कथित उल्लङ्घन एवं नकारात्मक मताधिकार हटाएको तथा राष्ट्रिय पर्यवेक्षकहरूका लागि अनुमतिपत्रसम्बन्धी कठोरतासम्बन्धी आरोप लगाउँदै निर्वाचन स्थगित गर्ने माग गरेका थिए। यीमध्ये कुनै पनि कार्य निर्वाचन प्रक्रिया रोक्ने वा परिवर्तन गर्ने आफ्ना लक्ष्य हासिल गर्नमा सफल भएनन्।
निर्वाचन आचारसंहिताले आयोगलाई अनुगमन र कार्यान्वयन गर्ने व्यापक अधिकार दिएको भए पनि आचारसंहिताको कार्यान्वयन सबैजसो अनौपचारिक थिए। कसुर गर्नेहरूमाथि कारबाही गर्ने अधिकार कानुनमा व्यापक रूपमा उल्लेख गरिएको छ तर मध्यस्थकारी शैलीको उपाय गरी आचारसंहिता उल्लङ्घन गर्ने अत्यन्त थोरैलाई मात्र कारबाही गरियो। आयोगले साउन ७ देखि मङ्सिर २ गतेसम्मको अवधिमा कुल १८७ उजुरी प्राप्त गर्‍यो र यीमध्ये १४४ वटामा केही कारबाही गरियो। यी मुद्दाहरूमा लिइएको कारबाहीबाट सामान्यतया हिंसाविरुद्ध संयमित हुन र दोहोरिन नदिने प्रतिबद्धता खोजिएको थियो। आचारसंहिताको कानुनी अधिकार भए पनि यसलाई लागु गर्दा दण्डात्मक उपाय अवलम्बन गर्नुभन्दा पनि नैतिक दबाबको प्रयोग गरिएको छ।

## महिला तथा सीमान्तीकृत समूहको सहभागिता

अन्तरिम संविधान २०६३ तथा निर्वाचन कानुनले महिला तथा परम्पराले नै सीमान्तीकृत समूहको समावेशीकरणको लक्ष्यलाई पटकपटक दोहर्‍याए पनि समानुपातिक निर्वाचनमा १०० उम्मेदवारभन्दा बढीलाई मनोनयन गर्ने दलका लागि मात्र यो अनिवार्य थियो। तर, एउटा व्यक्तिले कतिपय अल्पसङ्ख्यकको प्रतिनिधित्व गर्ने भएकाले अन्ततः निर्वाचित हुने सङ्ख्याले समावेशीकरणको लक्ष्यलाई पूरा नगर्ने भएबाट यो नियम समावेशीकरणको उद्देश्य हासिल गर्नमा अपर्याप्त छ। समानुपातिक प्रतिनिधित्वको सूचीमा अपाङ्गता भएका व्यक्तिलाई अनिवार्य समावेश गराउनु पर्दैन।
सबै मुख्य राजनीतिक दलहरूले सन् २००८ को तुलनामा कम महिलाको मनोनयन गरेकाले पहिलो हुने निर्वाचित हुने निर्वाचनतर्फका ६,१२७ उम्मेदवारमध्ये ६६८ महिला छन्। समानुपातिक प्रतिनिधित्वको निर्वाचनतर्फ ५० प्रतिशत आरक्षित सिटको प्रत्याभूति गरिएको भए पनि कानुनी कमीकमजोरीले सङ्ख्यालाई यसभन्दा घटाउनेछ, किनभने १०० भन्दा कम उम्मेदवार खडा गर्ने दलहरू बाध्यात्मक आरक्षणको व्यवस्था गर्न बाध्य छैनन्। संविधानसभामा ३३ प्रतिशत महिला सुनिश्चित गर्ने प्रयासमा नागरिक समाजले दलहरूले असमान सिट सङ्ख्या जित्दा बिजोर सङ्ख्या महिलालाई छुट्याउनुपर्ने प्रस्ताव गरेको छ। आयोगका सबै तहका अधिकारीहरूमा महिलाहरू अत्यन्त कम सङ्ख्यामा देखिएका छन्। निर्वाचनको दिन पनि यो प्रस्ट देखियो, किनभने ईयु पर्यवेक्षकहरूले भेटेको मतदान अधिकृतहरू (प्रमुख अधिकृत)मध्ये ११ प्रतिशत र सहायकहरूमध्ये २१ प्रतिशत महिला थिए।

**राष्ट्रिय पर्यवेक्षकहरू**

समग्रमा आयोगद्वारा अनुमति प्रदान गरिएका ५४ राष्ट्रिय सङ्गठनहरूले २३,४४३ राष्ट्रिय पर्यवेक्षकहरू परिचालन गरे। निर्वाचनका दिन राष्ट्रिय पर्यवेक्षकहरूको उल्लेख्य सङ्ख्यामा भएको उपस्थितिले यस प्रक्रियाको पारदर्शितामा थप बल पुऱ्यायो। राष्ट्रिय पर्यवेक्षकहरूका लागि अनुमतिपत्र प्रदान गर्ने नियममा पुनरावलोकन गरेर तथा देशभर पर्यवेक्षक परिचालन गर्ने तिनको क्षमता न्यून गर्ने ठानिएको आवश्यकतालाई खुकुलो पारेर आयोगले लचकता अपनाएको छ।

**मतदान तथा समापन**

ईयु ईओएमले भ्रमण गरेकामध्ये ९४ प्रतिशत मतदान केन्द्रमा मतदानसम्बन्धी क्रियाकलाप सञ्चालन सकारात्मक रहेको मूल्याङ्कन गरियो। अवलोकन गरिएका मतदान केन्द्रमध्ये अधिकांश समयमै वा एक घण्टाभन्दा कम समय ढिलो गरी खुले। मतदान व्यवस्थित र सामान्यतया शान्त वातावरणमा सम्पन्न भयो। अवलोकन गरिएकामध्ये ९६ प्रतिशत मतदान केन्द्रमा राजनीतिक दलका प्रतिनिधिहरू उपस्थित थिए र ६४ प्रतिशत मतदान केन्द्रमा कम्तीमा एकजना राष्ट्रिय पर्यवेक्षक उपस्थित थिए। तर, राजनीतिक दलका प्रतिनिधिहरूले आफ्नो कार्यादेशभन्दा बाहिर गई कार्य गरेका केही घटना देखियो। ईयु पर्यवेक्षकहरूद्वारा भ्रमण गरिएका मतदान केन्द्रमा मतदान प्रक्रिया एकनासले अनुसरण गरिएको थियो भने मतदान कर्मचारीको कार्य अधिकांशतः राम्रो रहेको मूल्याङ्कन गरियो। भ्रमण गरिएका ९७ प्रतिशत मतदान केन्द्रहरूमा मतदानको स्वच्छतालाई पर्याप्त मात्रामा संरक्षण गरिएको थियो र मतदाताको कुशल प्रक्रमण तथा नियन्त्रण र सुरक्षाका उपयुक्त उपायहरूको प्रयोग गरेको देखियो। तसर्थ, ईयु पर्यवेक्षकहरूले निर्वाचन क्रियाकलाप सञ्चालनको समग्र मूल्याङ्कन गऱ्यो। अवलोकन गरिएका ४६ मध्ये ४३ मतदान केन्द्रमा समापन सकारात्मक रहेको मूल्याङ्कन गरियो

यस वक्तव्यको विद्युतीय प्रति मिसनको वेबसाइट www.eueom.eu/nepal2013 मा उपलब्ध छ।

थप जानकारीका लागि सम्पर्क गर्नुहोस् :
***एबरहार्ड लौए,* ईयु ईओएम प्रेस अधिकृत,**
टेलिफोनः *+९७७–९८०११०१९८६ इमेलः* *eberhard.laue@eueomnepal.eu*